साकेला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मानेभञ्ज्याङ, खोटाङ ।

पत्रसंख्याः२०७९/०८० (प्रशासन शाखा) १ प्रदेश, नेपाल
चलानी नं. :

मितिः२०७९।०८।१९

## विषयः कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।

(प्रथम पटक सूचना प्रकाशित मितिः २०७९।०८।१९)

उपर्युक्त विषयमा यस साकेला गाउँपालिकामा मिति २०७७ साल असोज महिनाबाट सञ्चालन भईरहेको पूर्ण सरसफाइ अभियान सञ्चालन गर्ने प्रयोजनका लागि रिक्त रहेको पूर्ण सरसफाइ कार्यक्रम संयोजक र उत्प्रेरक सेवा करारमा नियुक्ती गरी कामकाज लगाउनु पर्ने भएको हुँदा देहायका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र दरखास्त पेश गर्नहुन अनुरोध गरिन्छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | पद संख्या | शैक्षित योग्यता |
|---|---|---|---|---|
| १ | २०७९/०८०-१० | कार्यक्रम संयोजक (अधिकृत स्तर छैटौं) | १ | स्नातक वा सो सरह |
| २ | २०७९/०८०-११ | उत्प्रेरक (चौथो तह) | ५ | एस.एल.सी./एस.इ.इ वा सो सरह |

- सेवा सुविधाः गाउँपालिकाको नियम अनुसार ।
- उमेर हदः १८ वर्ष पूरा पुगेको; पुरुषको हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको ।
- दरखास्त पेश गर्नु पर्ने स्थानः साकेला गाउँ कार्यपालिकाको कार्यालय मानेभञ्ज्याङ खोटाङ ।
- दरखास्त पेश गर्नु पर्ने मिति र सयमः २०७९।०९।०४ गते कार्यालय समयभित्र ।
- दरखास्तसाथ सम्लग्न गर्नु पर्ने कागतपत्र (दरखास्त फाराम साकेला गाउँपालिकाको Website-www.sakelamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ) ।

क) कार्यक्रम संयोजक/उत्प्रेरकः

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि थान -१

२. नेपालको मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्र र लब्धाङ्क पत्रहरुको प्रतिलिपि थान -१

३. सम्वन्धित विषयमा कामको अनुभव भए सो को प्रमाणपत्रहरु थान -१

४. सम्वन्धित विषयमा तालिम प्राप्त भएको भए सो को प्रमाणपत्र थान -१

- परीक्षाको किसिमः लिखित तथा अन्तरवार्ता ।

नोटः सम्वन्धित विषयको तालिम, कामको अनुभव तथा माथिल्लो शैक्षिक योग्यतालाई प्राथमिकता दिइनेछ ।

..............................
महेश राई
प्रमुख प्रशासकीय अधिकृत